प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
(सहकारी महाशाखा)
गण्डकी प्रदेश
पोखरा, नेपाल

☎ ०६१-४६५८२९

प.सं. ७६/७७
च.नं. 200

मिति:२०७६।११।२०

श्री गण्डकी प्रदेशका सबै सहकारी संस्थाहरु,

विषयः संघीय सहकारी विभागबाट जारी निर्देशन, २०७४ कार्यान्वयन र प्रतिवेदन पठाउने सम्बन्धमा।

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धमा संघिय सहकारी विभागबाट जारी निर्देशन, २०७४ विभागको वेवसाईट www.deoc.gov.np तथा गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बेवसाईट www.molmac.p4.gov.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा अनुरोध छ।

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धमा नेपाल पक्ष राष्ट्र हो। सन् २०२० मा नेपालको AML/CFT सम्बन्धी अन्तराष्ट्रिय पारस्परिक मूल्यांकन अन्तराष्ट्रिय सरोकार संस्था APG र सम्बन्ध सरोकार संस्थाबाट हुन गईरहेको व्यहोरा तहां अवगतै छ। सम्पत्ति शुद्धिकरण निवारण दोश्रो रणनीति तथा कार्यान्वयन (२०७६- ८१) मा नेपालले पुरा गर्नु पर्ने धेरै विषय/ सन्दर्भ उल्लेख भएका छन। सोही सम्बन्धमा तहां सहकारी संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ र सो ऐन अन्तरगत विभागले जारी गरेको **"सम्पत्ति शुद्धिकरण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत)"** मा भएका सबै व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु पर्ने भएकाले सबै सहकारी संघ संस्थाहरुलाई उल्लेखित विषय कार्यान्वयनको लागि आदेशानुसार अनुरोध गरिएको छ।

१. निर्देशनको दफा २४ बमोजिम कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क नं. इमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी नेपाल राष्ट्र बैंक अन्तरगतको वित्तिय जानकारी ईकाई तथा विभाग र नियामक निकायमा गराउने।

अधिकृतस्तर सातौं

२. निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धिकरण ऐन, नियमावली र जारी निर्देशन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरुको प्रभावकारी सम्पादनका लागि प्रत्येक सहकारी संघ संस्थाले आन्तरिक नीति तथा कार्यविधी तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागु गर्ने।

३. निर्देशनको दफा १९ बमोजिम सीमा कारोबारको प्रतिवेदन (TTR) कारोबार सम्पन्न भएको मितिले १५ दिन भित्र निर्देशनको अनुसुची- ४ को ढाँचामा नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाईमा पठाउनु पर्ने।

४. निर्देशनको दफा २० बमोजिम शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन (STR) अनुसुची- ५ को ढाँचामा तयार गरी कारोबार भएको ३ दिन भित्र वित्तिय जानकारी इकाईमा पठाउनु पर्ने।

५. निर्देशनको दफा ३ बमोजिम सदस्य पहिचान तथा सम्पुष्टि (KYM) अध्याबधिक गरी राख्ने।

६. निर्देशनको दफा १३ बमोजिम जोखिम पहिचान, मूल्यांकन, वर्गीकरण तथा व्यवस्थापन गर्ने।

७. निर्देशनको दफा ८ बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्ने।

८. निर्देशनको दफा १० बमोजिम बास्तविक धनीको पहिचान गर्ने उपाय अबलम्बन गर्ने।

९. निर्देशनको दफा १२ बमोजिम सीमा कारोबारको श्रोत खुलासा लिनु पर्ने।

१०. निर्देशनको दफा २८ बमोजिम सम्पादन गरेका कार्यहरुको चौमासिक प्रतिवेदन अनुसुची- ६ को ढाँचामा चौमासिक अवधि व्यतित भएको ७ दिन भित्र नियामक निकायमा पठाउनुहुन अनुरोध गरिएको छ।

प्रदेश सरकार गण्डकी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पोखरा

.................
सागर खनाल
अधिकृत सातौं
अधिकृतस्तर सातौं

**बोधार्थः**

श्री नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई, बालुवाटार काठमाडौं।
श्री सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर।